STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २५ गते मंगलबार ❑ 8 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## स्थानीय तहको निर्वाचन वैशाख ३० मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ माघ**

सरकारले स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते एकै चरणमा गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को आजको बैठकले स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न निर्वाचनसम्वन्धी कानूनमा खासै परिमार्जन गर्न नपर्ने आयोगले सरकारलाई परामर्श दिएको थियो। राजनीतिक दलबीच संविधान र कानूनका विषयमा स्थानीय तहको निर्वाचनका सन्दर्भमा फरक बुझाई र विश्लेषण भएका कारण निर्वाचनको मिति घोषणालाई चासोका साथ हेर्रिदैआएको थियो।

यसअघि आयोगले सरकारलाई जेठ ४ गते एकै चरणमा निर्वाचन गर्न सुझाएको थियो। सरकारले पाँच दिनअगावै निर्वाचनको मिति तोकेको छ । कानुनी र व्यवहारिक पक्ष मिलाउन वैशाख ३० गतेका लागि निर्वाचनको मिति तोकिएको कानुन न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्र बडूले बताउनुभयो । यसैगरी निर्वाचन आयोगसँगको परामर्शमा वैशाख ३० गते निर्वाचन गर्ने निर्णय लिएको मन्त्री बडूलेबताउनुभयो। उहाँले बताउनुभयो, 'जेठ ४ गते निर्वाचनको मिति तोक्न सिफारिस गरेको थियो । प्रधानमन्त्रीज्यूको चाहना पनि यही हो । हामीले वैशाख ३० मै निर्वाचन गर्ने निर्णय लिएको छौं। यस विषयमा निर्वाचन आयोगसँग पनि परामर्श भएको छ।'

वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने सरकारको निर्णय प्रधानमन्त्रीको चाहनालाई निर्वाचन आयोगले पनि स्वीकार गरेको छ । निर्वाचन आयोगले पनि सरकारले पराशर्म गरेरै निर्वाचनको मिति तोकेको बताएको छ। निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश कुमार थपलियाले वैशाख ३० मा निर्वाचन गर्न सकिने बताएपछि सरकारले निर्णय लिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'सरकारले हामीलाई वैशाख ३० मा चुनाव गर्न सकिन्छ, सकिँदैन भनेर सोधेको थियो । हामीले सकिन्छ भन्ने जवाफ दियौँ । त्यहीअनुसार निर्वाचनको मिति तोकिएको छ।' आयोगले स्थानीय निर्वाचनका लागि १२० दिन समय मागेको थियो।

तर, सरकारले निर्वाचनको मिति तोक्न बिलम्ब गरेपछि आयोगले ९६ दिनमा निर्वाचन गराउनुपर्ने भएको छ । प्रमुख निर्वाचन आयुक्त थपलियाले सामान्यतया १२० दिनको समय मागे पनि ९६ दिनमा चुनाव गराउन अयोग तयार गरेको बताउनुभयो।

## सुविधासम्पन्न बन्दैछन् वडाका कार्यालय भवन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ माघ**

पोखरा महानगरपालिकाले महानगरको प्रशासकीय भवनसँगै वडा कार्यालयका भवन निर्माण गरिरहेको छ । महानगरले बनाएका भवनहरू सुविधासम्पन्न छन् भने केहीमा विद्युतीय भऱ्याङसमेत जडान गरिएको छ । नयाँ भवनहरू अपाङ्गतामैत्रीसमेत छन्।

महानगरका ३३ वडामध्ये ४ वर्षको अवधिमा नौ वडाका कार्यालय भवन निर्माण सम्पन्न भएको र केहीको निर्माण भइरहेको छ। पछिल्लो समय वडा नं २ को भवन निर्माण सम्पन्न भएर सोही भवनबाट सेवा प्रवाह सुरु भएको छ। कूल रु दुई करोड २५ लाख २७ हजार लागतमा निर्माण गरिएको सो भवनको आइतबार महानगर प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँले स्थानीय सरकारले जनतालाई गणतन्त्रको अनुभूति हुने गरी सहज र छिटोछरितो सेवा प्रदान गर्नुपर्ने बताउनुभयो।

विसं २०७४ मा स्थानीय तहको निर्वाचनपछि वडाका नयाँ भवन निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकतामा राखिएको महानगरले जनाएको छ । जमिन व्यवस्थापन लगायतका समस्याले नयाँ भवन निर्माण रोकिएकाहरूमा पुरानैको स्तरोन्नति गरिएको बताइन्छ।

महानगरले हालसम्म वडा नं २ सहित वडा नं ७, ११, १२, १६, १९, २२, ३० र ३२ का नयाँ भवन निर्माण गरेको महानगरका सूचना अधिकारी भरतराज पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार वडा नं ८ र १८ मा भवन निर्माणका लागि शिलान्यास भइसकेको छ। त्यसैगरी महानगरको प्रशासकीय भवनको समेत शिलान्यास गरेर काम सुरु गरिएको छ। पोखरा-९ नयाँबजारस्थित दमकलमार्गमा चार रोपनी क्षेत्रफल जमिनमा सुविधासम्पन्न र अत्याधुनिक प्रशासकीय भवन निर्माण सुरु गरेको हो। यसैगरी वडा नं ६, १७ र २६ का भवन निर्माणका लागि प्रक्रिया सुरु गरिएको पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रशासकीय भवनसँगै वडाका आफ्नै भवनहरू निर्माण महानगरको प्राथमिकतामा छन् । सुविधासम्पन्न कार्यालय भवनबाट सेवा प्रवाहमा सहज हुनेछ।"

## निर्वाचनका लागि आवश्यक सामग्री उपलब्ध गराउन पत्रचार

**रासस**
**काठमाडौं, २४ माघ**

आसन्न स्थानीय तहको निर्वाचनका सन्दर्भमा आवश्यक पर्ने भवन, परिवहनका साधन, फर्निचर वा अन्य भौतिक साधनको अवस्था तथा व्यवस्थापनका सन्दर्भमा सबै स्थानीय तहसँग विवरण मागका लागि समन्वय गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पत्राचार गरिएको छ।

निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनपर्ने व्यवस्था छ। आयोगले निर्वाचनको काम सञ्चालन गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था वा स्थानीय तहको जग्गा, भवन, परिवहनका साधन फर्निचर वा अन्य जुनसुकै भौतिक साधन पूर्वसूचना दिई आवश्यकताअनुसार प्राप्त गरी प्रयोग गर्न सक्नेछ।

कुनै सार्वजनिक संस्था वा निकाय वा सामुदायिक वा निजी विद्यालय वा महाविद्यालयको जग्गा, भवन वा अन्य भौतिक साधन पूर्वसूचना दिई आवश्यकताअनुसार प्राप्त गरी प्रयोग गर्न सक्ने व्यवस्था गरेको आयोग प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो। आसन्न स्थानीय तह तथा जिल्ला समन्वय समितिको निर्वाचनको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ करिब दुई महिना अवधिका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना र सञ्चालन गर्न ७५३ वटै स्थानीय तहलाई पछि फरक नपर्ने गरी तयार गर्न लगाइ उक्त विवरण एकीकृत गरी माघ मसान्तभित्र अनिवार्य रुपमा आयोगमा उपलब्ध अनुरोध गरिएको छ । मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि कार्यालय सञ्चालनका लागि सम्बन्धित स्थानीय तहबाटै कम्तीमा एक/एक थान चालु अवस्थाको डेस्कटप कम्प्युटर, ल्यापटप, स्क्यानर र प्रिन्टर उपलब्ध हुने गरी व्यवस्थापन गरिदिन पनि आयोगले सबै स्थानीय तहलाई पत्राचार गर्न मन्त्रालयलाई अनुरोध गरेको छ । जिल्ला सदरमुकाममा रहेको स्थानीय तहमा मुख्य निर्वाचन अधिकृतको कार्यालय र अन्य सबै स्थानीय तहको केन्द्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा स्थानीय तह वा कुनै सार्वजनिक संस्था वा निकाय वा सामुदायिक विद्यालयको स्वामित्वमा रहेका कम्तीमा तीन वटा भवनको संक्षिप्त विवरण उपलब्ध गराउन पनि भनिएको छ। सार्वजनिक भवन उपलब्ध नभई भाडामा लिनुपर्ने भएमा सम्भावित निजी भवनको विवरण र भुक्तानी गर्नुपर्ने अनुमानित मासिक भाडा रकम पनि खोलेर पठाउन तथा स्थानीय तह निर्वाचन २०७४ मा आयोगबाट उपलब्ध गराइएका ल्यापटप तथा प्रिन्टरहरुको विवरण पनि उपलब्ध गराउन आयोगले भनेको छ।

## शिक्षकलाई कर्मचारी सरह सेवासुविधा उपलब्ध हुन्छ : शिक्षामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ माघ**



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षकलाई पनि निजामती कर्मचारी सरह सेवासुविधाको प्रबन्ध गरिने बताउनुभएको छ । ताराखोला गाउँपालिकाद्वारा सोमबार आयोजित शैक्षिक अन्तर्क्रियामा उहाँले सेवासुविधा र अवसरमा शिक्षकलाई विभेद नगरिने उल्लेख गर्नुभयो।

"यस विषयमा मन्त्रालयले निर्णय गरिसकेको छ, आउँदो बजेट, कार्यक्रमपछि कार्यान्वयनमा आउछ", मन्त्री पौडेलले भन्नुभयो, "अर्थ मन्त्रालय र अरु निकायसँग पनि समन्वय भइरहेको छ ।" कर्मचारी र शिक्षकको कार्यविभाजन फरक भए पनि तह र सुविधा एउटै हुनुपर्ने मन्त्री पौडेलले बताउनुभयो।

शिक्षकको वृत्ति विकासमा शिक्षा मन्त्रालय संवेदनशील रहेको उहाँको भनाइ छ । मन्त्री पौडेलले १८ वर्षदेखि रोकिएको शिक्षकको आन्तरिक बढुवाका लागि विज्ञापन खुलाएर प्रक्रिया

बाँकी अन्तिम पृष्ठमा ▶▶

## साढे एक हजार संक्रमित,१३ को मृत्यु

**रासस**
**काठमाडौं, २४ माघ**

पछिल्लो २४ घण्टामा एक हजार ५७० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सोमबार सार्वजनिक गरेको बुलेटिनमा ११ हजार ३६५ परीक्षण गर्दा एक हजार ५७० जनामा सङ्क्रमण पुष्टि भएको हो।

मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या ४० हजार १११ पुगेको छ। पछिल्लो समय ६ हजार १४६ जना भाइरस सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुने सङ्ख्या नौ लाख १५ हजार ४८९ पुगेको छ । सङ्क्रमणबाट सोमबार १३ जनाको निधन भएको छ । हालसम्म ११ हजार ८२७ जनाको सङ्क्रमणका कारणले निधन भएको छ। यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १३ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रे, कास्की, बाके, रुपन्देही, र कैलाली रहेका छन् । यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १७ जिल्ला रहेका छन्।

ती जिल्लामा सिराहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, मकवानपुर, धादिङ, नुवाकोट, नवलपरासी पूर्व, स्याङजा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, दाङ र कञ्चनपुर रहेका छन् । शून्य सङ्क्रमित भएको एक मात्र जिल्ला मनाङ रहेको छ। हाल होम आइसोलेशनमा ३८ हजार ८८३, संस्थागत आइसोलेशनमा एक हजार २२८, सघन उपचार कक्षमा २५५ र भेन्टिलेटरमा ४२ जनाको उपचार हुँदैछ । सोमबार एक लाख ७८ हजार ५७९ जनाले खोप लगाएका छन् । यस्तै यस अवधिमा कोरोना भाइरस विरुद्धको बुस्टर डोज छ लाख २९ हजार २४१ मात्रा लगाइएको छ।



# पोखरा उद्योग वाणिज्य संघ ६८ औं वर्षमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ माघ**

पोखरा उद्योग वाणिज्य संघ माघ २५बाट ६८ औं वर्षमा प्रवेश गरेको छ । २०११ साल माघ २५ गते पोखरा उद्योग वाणिज्य संघको स्थापना भएको थियो । अमृतप्रसाद शेरचन संघका संस्थापक अध्यक्ष थिए ।

व्यवसायीको हक-हित रक्षाको लागि स्थापना भएको संघ कालान्तरमा भने सामाजिक संस्थाको रुपमा क्रियाशिल रह्यो । संघका पूर्वअध्यक्ष सुरेशराज राजभण्डारीका अनुसार गाउँबाट सहर बन्दै गरेको पोखरालाई आवश्यक पर्ने पूर्वाधार निर्माण,सामाजिक जागरण र शैक्षिक संस्था स्थापनाको लागि संघले नै अगुवाइ लियो ।

'सहरीकरणको दिशामा वामे सर्दै गरेको पोखरालाई समन्नुत बनाउने काम संघले नै गरेको हो', उनले भने, ' शिक्षाको क्षेत्रमा गरेको योगदान त अतुलनीय नै छ ।' पोखराको पृथ्वीनारायण क्याम्पसदेखि पोखरा विश्वविद्यालय संघकै पहलमा स्थापना भएका हुन् । पूर्वअध्यक्ष राजभण्डारीले पोखराका पुराना सबैजसो शैक्षिक संस्था स्थापनामा आर्थिक सहयोग गरेको जिकिर पनि गरे । सिद्धार्थ र पृथ्वी राजमार्ग, महेन्द्रपुल तथा पोखरा सभागृह निर्माणमा पनि संघले आर्थिक सहयोग गरेको थियो । संघका अर्का पूर्वअध्यक्ष कृष्णमोहन श्रेष्ठले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि लविङ तथा लामो अनसनको नेतृत्व गरेको स्मरण गर्दै भने,' पोखरा उद्योग वाणिज्य संघले ६८ वर्षे यात्रामा व्यवसायीको हकहितभन्दा सामाजिक कामलाई नै महत्व दियो र आफूलाई जेठो सामाजिक संस्थाको रुपमा उभ्यायो ।' संघका वर्तमान अध्यक्ष नारायण कोइरालाले अनुसारसंघ/संस्था खोल्न बन्देज भएको पञ्चायतकालीन समयमा जनताको आवाज बोल्ने संस्था नै पोखरा उद्योग वाणिज्य संघ भएको जिकिर गरे । 'हाम्रा अग्रजहरुले पोखरालाई शिक्षा, स्वास्थ्य र पर्यटनको सहरको रुपमा परिकल्पना गर्दै सोही अनुरुपका गतिविधि बढाउनु भएको थियो', उनले भने,'पोखरा अहिले त्यही रुपले अगाडि बढेकोमा हामी गौरवान्वित छौँ ।' देशमा जनप्रतिनिधि नहुँदा संघले नै जनप्रतिनिधिको रुपमा काम गरेको जिकिर गर्दै उनले भने,'पोखराको फुटपाथमा भएको अनधिकृत व्यवसाय हटाउँदा होस् वा बजार व्यवस्थापन नै किन नहोस् संघले जनप्रतिनिधिको भूमिका पनि निभाएकै हो ।' स्थानीय तहमा जनप्रतिनिधि आएपछि भने व्यावासायिक वातावरण निर्माण एवं विकास साझेदारको रुपमा काम गर्दै आएको उनले बताए ।

'अहिले हामी व्यावसायिक वातावरण निर्माण, व्यवसायीहरुको प्रतिष्पर्धी क्षमताको विकास र हक-हित संरक्षणमा केन्द्रीत भएका छौँ',उनले भने,'विकासका मुद्दाहरु उठाउन तथा तीनवटै तहका सरकारसँग लविङ एवं साझेदारीको परम्परा भने कायमै छ ।' उनले समुन्नत पोखरा बनाउने दायित्वबाट संघ विचलित नहुने पनि बताए । पछिल्लो समय कोभिडका कारण व्यवसायीले भोग्नुपरेका समस्या समाधान,सरकारद्धारा घोषित राहतका कार्यक्रम कार्यान्वयनको लागि दवाव एवं आपतमा परेका व्यवसायीको सहयोगजस्ता कार्यक्रम संचालित रहेको उनले बताए । कोभिडका कारण एकातिर सदस्य प्रतिष्ठानको व्यापार/व्यवसाय चौपट भएको र अर्कोतर्फ संघका घोषित कार्यक्रम पनि रोक्नुपरेको उनले दुखेसो पोखे ।

# स्वास्थ्योपचार सहुलियतका लागि सम्झौतापत्रमा हस्ताक्षर

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ माघ**



नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) गण्डकी प्रदेश पोखरासँग आबद्ध सदस्य, कर्मचारी र आश्रित परिवारका सदस्यलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका दुईवटा स्वास्थ्य संस्थासँग सम्झौता गरिएको छ ।

पोखरा महानगरपालिका वडा नं ९ स्थित मेडिट्रष्ट प्याथोलोजी प्रा.लि. एवम् पोखरा-५ स्थित रिजनल हस्पिटल प्रा.लि. र नाट्टा गण्डकी प्रदेशबीच सोमबार सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । सम्झौतापत्रमा नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देल र महासचिव कमला गिरी तथा मेडिट्रष्ट प्रा.लि एवम् रिजनल हस्पिटलको तर्फबाट ट्रष्ट एवम् हस्पिटलका अध्यक्ष डा. जगतबहादुर खड्का, प्रबन्ध निर्देशक सुजन पराजुली, व्यवस्थापक अर्जुनप्रसाद शर्मा, सञ्चालक समिति सदस्य चन्द्रकान्त पौडेलले हस्ताक्षर गर्नु भएको हो ।

सम्झौतासँगै नाट्टा गण्डकीमा आवद्ध १८१ संस्थाका सदस्य, कर्मचारी र आश्रित परिवारका झण्डै एक हजार भन्दा बढी व्यक्तिहरू लाभान्वित बन्ने अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो । कार्यक्रममा नाट्टा गण्डकी प्रदेशका कार्यसमितिका पदाधिकारी, पूर्व अध्यक्ष परिषद्का संयोजक ओमप्रकाश पाण्डे, निवर्तमान अध्यक्ष सन्तोष पोखरेल, मेडिट्रष्ट प्याथोलोजि र रिजनल हस्पिटल सञ्चालक समितिका पदाधिकारी एवम् सदस्यहरूको उपस्थिति थियो । स्वास्थ्य परीक्षण गराउँदा विभिन्न शीर्षकमा छुट दिइने सम्झौतापत्रमा उल्लेख छ ।

# हिरामायाको 'योना हाउले होई' उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ माघ**



कोकोम्हेन्दो साहित्य समाज पोखराले आयोजना गरेको प्रथम तामाङ मातृभाषा खुला (व्हाईखा) कविता प्रतियोगिताको उपाधि हिरामायाको 'योना हाउले होई' (छिटो आउनु है) उत्कृष्ट भएको छ ।

२८५८ औ सोनाम ल्होछारको अवसरमा तामाङ मौलिक लोक संस्कृतिको उजागर गर्ने उद्देश्य सहित आयोजित सो प्रतियोगितामा १४ रचनालाई पछि पार्दै काभ्रेकी हिरामायाको कविताले उपाधि जितेको हो ।

निर्णायक समितिको संयोजक समेत रहेका लेखक तथा साहित्यकार तिर्थ तामाङ, मिनमाया तामाङ र दिपक तामाङ टोलीको निर्णय अनुसार प्रतियोगितामा काभ्रेकै रचना मोक्तान 'यात्री' को 'छ्योर्तेन' (स्मारकु) कविताले द्वित्तिय स्थान हाँसिल गर्यो । यसैगरी बारा जिल्लाका माधव खतिवडाको 'व्हाईखा ल्हो ल्हो'(कविता जस्तै जस्तै) र ललितपुरका बुद्धराम थिङको 'टिगा ए तामाङ हिन्ना ?' (के तिमि तामाङ हौ ?) शिर्षकको दुई रचना तृतीय बनेको प्रतियोगिता संयोजक दिपक तामाङले जानकारी दिए । उनका अनुसार रामेछापका उदय बहादुर लामाको 'उन्मा' (उहिले) र सिन्धुलीका रुपक जमरा घलानको 'ङाला रिमठिम' (मेरो रितिरिवाज) ले सान्त्वना स्थान हाँसिल गर्यो ।

प्रतियोगिताबाट प्रथम, द्वित्तिय, तृतीय र सान्त्वना स्थान हाँसिल गरेको कविहरुलाई पोखरामा एक कार्यक्रमको आयोजना गर्दै पुरस्कार वितरण गरिने संयोजक तामाङले बताए ।

'हामीले सोसलसाईट मार्फत देशका विभिन्न जिल्ला र विदेशबाट प्रतिभा संकलन र छनौट गर्यौ, उनले भने, 'अहिले नतिजा मात्रै प्रकाशन गरेका छौ । कोरोनाको महामारी केही कम भएपछि पोखरामै भव्य कार्यक्रमको आयोजना गरेर पुरस्कार वितरण गर्नेछौ ।' संयोजक तामाङले प्रतियोगितामा प्रथम, द्वित्तिय, तृतीय र सान्त्वना स्थान हाँसिल गरेका कविहरुलाई जनही प्रमाणपत्र सहित क्रमश १० हजार, ८ हजार, ६ हजार र ३ हजार प्रदान गरिने बताए । सो प्रतियोगितामा काभ्रे, बारा, ललितपुर, सिन्धुली, कास्की, लमजुङ, चितवन लगायतका जिल्लासँगै अमेरिकाबाट समेत रचना पठाएका थिए ।

# शिक्षकलाई...

अगाडि बढाइएको बताउनुभयो । शिक्षक सेवा आयोगको ११औँ संशोधन नियमावली मन्त्रिपरिषद् बाट स्वीकृत भएपछि शिक्षक दरबन्दी मिलान, आन्तरिक बढुवा, अध्यापन अनुमति पत्रलगायत कामले गति लिएको उहाँको भनाइ छ । मन्त्री पौडेलले शिक्षक महासङ्घका ३३ बुँदे माग सम्बोधनका लागि मन्त्रालय गम्भीर रहेको बताउँदै कतिपय माग पूरा हुँदैआएको बताउनुभयो । विद्यालय समायोजनको प्रक्रिया अगाडि बढाइएको उल्लेख गर्दै अति न्यून विद्यार्थी भएका विद्यालयको पहिचान गरी अन्य विद्यालयसँग गाभिने उहाँको भनाइ छ । मन्त्री पौडेलले सार्वजनिक शिक्षा सुधारका लागि मन्त्रालयले ५५ बुँदे योजना बनाएर काम थालेको उल्लेख गर्नुभयो । उहाँले सङ्घीय शिक्षा ऐन, उच्च शिक्षा ऐन र प्राविधिक शिक्षा ऐन निर्माणमा मन्त्रालयले गर्नुपर्ने काम सकिएको बताउँदै अन्य मन्त्रालयसँग छलफल गरी मन्त्रिपरिषद्मा लैजाने तयारी भएको बताउनुभयो ।

मन्त्री पौडेलले ताराखोलामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको प्राविधिक शिक्षालय स्थापना गर्ने प्रतिबद्धतासमेत जनाउनुभयो । उहाँले ताराखोलामा आधुनिक सुविधायुक्त पुस्तकालय निर्माणका लागि मन्त्रालयमार्फत पहल लिने बताउनुभयो ।

# वार्षिकोत्सवको अवसरमा तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ माघ**



पोखरा उद्योग वाणिज्य संघले ६८ औं वार्षिकोत्सवको सन्दर्भमा जोखिममा रहेका बालबालिकाका अभिभावकको लागि माक्स,माक्स होल्डर तथा झोला बनाउने तालिम दिएको छ ।

३ दिने सो तालिमलाई किडासा नामक गैरसरकारी संस्थाले सघाएको थियो । संघले बालश्रम न्यूनीकरणको लागि लामो समयदेखि काम गर्दै आएकोमा पछिल्लो समय जोखिममा परेका अभिभावकको आयआर्जनमा ध्यान दिएको संघका अध्यक्ष नारायण कोइरालाले बताए । सोमबार तालिम समापन कार्यक्रममा बोल्दै उनले दैनिक १५ सयको संख्यामा विदेशिने युवा जनशक्तिलाई देशैमै रोजगारीको वातावरण सिर्जना गर्नु निजी क्षेत्रको उदेश्य भएको बताए । संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले बालश्रम न्यूनीकरणको लागि परिवारको आयआर्जन बढाउनुपर्ने आवश्यकता मनन गर्दै तालिम आयोजना गरिएको बताए । संघका महासचिव सुरेन्द्रमान विजुक्छेको संचालन रहेको समापन कार्यक्रममा पूर्वअध्यक्ष सुरेशराज राजभण्डारी, अध्यक्ष कोइराला, उपाध्यक्ष कार्कीले तालिममा सहभागीहरुलाई माक्स र झोला बनाउने कच्चा पदार्थसहित प्रमाणपत्र वितरण गरेका थिए । संघले सहभागीमध्ये दुर्गा नेपालीलाई एक थान सिलाइ मेसिन पनि सहयोग गर्‍यो । सिलाइ मेसिन पाएपछि दुर्गाले विदेश जाने सोच त्यागेको घोषणा गरिन् । 'म ब्यूटीपार्लर सिकेर विदेश जाने सोचमा थिएँ, यहाँ तालिम र मेसिन पाएँ', उनले भनिन्, 'अब म अर्काको देशमा जान्नँ, यहीँ काम गर्छु,बिस्तारै व्यवसाय बढाउँदै लैजान्छु ।' सिलाइमा फिनिसिङको महत्व हुने बुझेकी उनले सीप निखार्ने प्रण गर्दै थपिन्,'अरुको काम गरेर सधैं चल्दैन,सुरुमा छिमेकको काम सस्तोमै गरुँला,पछि कमाइ पनि होला ।' अर्की सहभागी गीता बिकले सिलाइबाट नै जीवन धानेको बताउँदै माक्स र झोला बनाउने तालिमले थप आय आर्जन हुने विश्वास व्यक्त गरिन् । उनले बजार व्यस्थापन र बिक्री कलाको ज्ञान नहुँदा समस्या परेका पनि सुनाइन् । संघका महासचिव सुरेन्द्रमान विजुक्छेले बजारीकरणको लागि संघले सघाउने प्रतिवद्दता व्यक्त गरे ।

# माओवादीले बोलायो केन्द्रीय समितिको बैठक

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ माघ**

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले समसामयिक राजनीतिक विषयमा छलफल गर्न केन्द्रीय समितिको बैठक बोलाएको छ ।

पार्टी केन्द्रीय कार्यालयका सचिव श्रीराम ढकालका अनुसार बैठक यही माघ २८ र २९ गतेका लागि बोलाइएको हो । कोरोनाका कारण पटकपटक स्थगित हुँदै आएको बैठक यस पटक भौतिक रुपमा नै बस्न लागेको हो । बैठकमा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी),स्थानीयतहकोनिर्वाचनको घोषणापछिको अवस्था, पार्टीको पदाधिकारी चयनलगायतका विषयमा छलफल हुने बताइएको छ । गत पुसमा आठौँ महाधिवेशन सम्पन्न गरे पनि माओवादीले अध्यक्ष बाहेक अन्य पदाधिकारी चयन गरेको छैन । बैठकमा केन्द्रीय सदस्यको मनोनयन, पोलिटव्यूरो, स्थायी समितिको चयन एवम् पदाधिकारी चयन गर्ने र अन्य समसामयिक राजनीतिक विषयमा छलफलका लागि बैठक बोलाइएको माओवादीले जनाएको छ ।

# युएई र साउदीमा अलपत्र नेपाली श्रमिकको उद्धार

**रासस**
**काठमाडौं, २४ माघ**

टोखास्थित ट्रिपलस्टार इम्प्लोइमेन्ट प्रालिबाट भिजिट भिसामा संयुक्त अरब इमिरेट्स (युएई) गई अलपत्र परेका आठ नेपालीलाई सोही म्यानपावरले उद्धार गरी नेपाल ल्याएको छ । भिजिट भिसामा युएई पुर्‍याइ उनीहरू अलपत्र पारेको खबर सार्वजनिक भएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले तत्काल उद्धार गर्न निर्देशन दिनुभएको थियो । नेपाल फर्कनेमा तनहुँका राजीव सुनुवार र ज्ञानेन्द्र रानाभाट, गोरखाका सुनील पन्थ र रमेशजङ्ग शाह, डडेल्धुराका शिवराज पन्त, मोरङका चिरायु सरदार, सुर्खेतका झकबहादुर थापा र सङ्खुवासभाका सन्तोष चम्लागाईं गरेका छन् । युएईको ग्लोबल सेक्युरिटी कम्पनीमा रोजगारी लगाइदिने भन्दै १२ जना नेपालीबाट जनही रु सात लाख ५० हजारका दरले रकम लिएर युएई पठाइ अलपत्र पारेको उजुरीका आधारमा म्यानपावरका सञ्चालक भीम गुरुङलाई मन्त्रालयले गठन गरेको 'मार्शल टोली' ले पक्राउ गरेको थियो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सरकारको स्वागतयोग्य निर्णय

आवधिक निर्वाचन गर्न संविधान र कानुन बाझिएको तर्क गरेर सत्ता गठबन्धनका नेताहरूको आनाकानी अब हटेको छ । सरकारले स्थानीय तहको निर्वाचन आगामी २०७९ वैशाख ३० गते शुक्रबार गर्ने निर्णय गरेको छ । सोमबार बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले २०७९ वैशाख ३० मा चुनाव गर्ने निर्णय गरेर अन्योल हटाउने काम गरेको छ । 'आउँदो वैशाख ३० गते 'एकैचरणमा निर्वाचन गर्ने निर्णयले विगतमा स्थानीय तहलाई खाली राखेको कलंक मेटाउने काम प्रधानमन्त्री शेर बहादुर देउवाले गरेका छन । संघीयताको जग र लोकतन्त्रको आधार स्तम्भ स्थानीय तह हुन । तिनको रिक्तता संविधानले परिकल्पना गरेको छैन ।

अघिल्लो स्थानीय तहको निर्वाचन पहिलो चरणमा २०७४ बैशाख ३१ गते भएको थियो । संविधान कार्यान्वयनका लागि स्थानीय तहको निर्वाचनमा असन्तुष्ट राजनीतिक दललाई सहभागी गराउन ०७४ सालमा तीन चरणमा स्थानीय तहको निर्वाचन भएको थियो । प्रधानमन्त्री देउवाले केही दिनअघि निर्वाचन आयोगका आयुक्तहरूसँग स्थानीय चुनावबारे छलफल गरेका थिए । आयोगले जेठ ४ मा स्थानीय चुनाव गर्न सरकारलाई सुझाव दिएको थियो । राष्ट्रपति विद्या देवी भण्डारी, प्रतिपक्षी नेकपा एमाले, कानुन ब्यवसायि, नेपाली काङ्ग्रेसको डाक्टर शेखर कोइराला समूह, नागरिक समाजले दबाब दिएपछि सत्तारूढ गठबन्धनका नेताहरूको बैठकले पनि जेठमा स्थानीय चुनाव गर्ने समझदारी गरेका थिए ।

प्रधानमन्त्री देउवाले आइतबार प्रमुख प्रतिपक्षी दलका नेतासमेत रहेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग स्थानीय चुनाव, एमसिसीलगायत विषयमा छलफल गरेका थिए । प्रतिपक्षी दल एमालेले स्थानीय चुनाव समयमै हुनुपर्ने बताइरहेको थियो । एमाले भातृ संगठन युवा संघ र अनेरास्ववियुले आन्दोलन पनि गरिरहेका थिए । सत्तारूढ कांग्रेसभित्र पनि वैशाखमै निर्वाचन गर्नुपर्ने आवाज उठेको थियो। नेता शेखर कोइराला पक्षका नेताहरूले समयमै निर्वाचन गरिनुपर्ने दबाब दिइरहेका थिए । सरकारले भने स्थानीय तह निर्वाचन ऐन २०७३ र संविधानको व्यवस्था बाझिएको भन्दै बाझिएको हकसम्म संशोधन गर्ने तयारी पनि गरेको थियो ।

केही संविधानविदहरूले ऐनलाई संशोधन गरेर संविधानअनुसार बनाउनुपर्ने सुझाव पनि दिएका थिए । ०७४ मा वैशाख, असार र असोज गरी तीन चरणमा निर्वाचन भएकोले कुन मितिबाट जनप्रतिनिधिको कार्यकाल ५ वर्ष पुगेको मान्ने भन्नेमा विवाद थियो । निर्वाचन आयोगले भने जेठ ५ भित्रै निर्वाचन गरे कानुन संशोधन गर्नु नपर्ने सुझाव सरकारलाई दिएको थियो । सरकारले प्रचलित कानुनको आधारमा निर्वाचन गर्ने निर्णय गरेर संविधानको कार्यान्वयन गरेको छ । प्रतिपक्षले सरकारको निर्णयले स्वागत गरेको छ । अब सरकारले निर्वाचन आयोगलाई सहयोग गरेर निर्वाचन भयरहित वातावरणमा हुन्छ भन्ने सन्देश दिनुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| ककर्ट | : ब्यापारमा लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटन पुनरुत्थानका लागि पोखरा महानगरको रणनीतिक योजना

–जमुनावर्षा शर्मा
पोखरा, २४ माघ (रासस)

पोखरा महानगरको पर्यटनलाई कोभिड-१९ को प्रभावबाट पुनरुत्थान गर्नका लागि पोखरा महानगरले रणनीतिक योजना तय गरेको छ । पोखराको पर्यटनलाई ब्रान्डका साथै राष्ट्रिय एवम् अन्तरराष्ट्रिय बजारसम्म प्रवर्द्धन गर्ने उद्देश्य राखेर तयार गरिएको रणनीतिक योजनामा पहिलो प्राथमिकतामा पर्यटकीय नगरी पोखरा क्षेत्र भ्रमणका लागि सुरक्षित छ भन्ने सन्देश दिने गरी आन्तरिक तथा बाह्य बजारमा यसको पर्यटनलाई ब्रान्डिङ गर्ने उल्लेख गरिएको छ ।

स्थानीय अर्थतन्त्रमा कोभिड सिर्जित महामारीका कारण परेको प्रतिकूल असरका सम्बन्धमा गरिएको प्रारम्भिक अध्ययनबाट पोखराको प्रमुख आर्थिक संवाहक पर्यटन क्षेत्र नराम्ररी प्रभावित हुने र अन्य व्यावसायिक क्षेत्रमा व्यापक सङ्कुचन आउन सक्ने आकलन गरेर रणनीतिक योजना बनाइएको पोखरा महानगर सहरी योजना आयोगका उपाध्यक्ष डा रामचन्द्र लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार नवीनतम सामान्यावस्थामा यहाँका समग्र पर्यटकीय उपजलाई विकास, विस्तार तथा विविधीकरण गर्नका लागि तत्काल आवश्यक रणनीतिक कार्यक्रम तय गर्न महानगरको पर्यटन पुनरुत्थान रणनीतिक योजना २०७८ प्रस्ताव गरिएको छ ।

पर्यटन उद्योगलाई चलायमान बनाउन विभिन्न तहका सरकारबाट चाल्नुपर्ने उपयुक्त नीतिगत विषयमा सुझाव प्रस्तुत गर्दै यसलाई पर्यटकीय केन्द्रका रूपमा दिगो विकास एवं व्यवस्थापन गर्ने विषयलाई समेटिएको छ । योजनामा सुरक्षित पर्यटकीय सेवा, गुणस्तरीय सुविधा एवं क्षमता अभिवृद्धिबारे आवश्यक रणनीतिक कार्यक्रम तथा योजनामा प्रभाव पार्ने तत्व पर्यटन पुनरुत्थान र प्रवर्द्धनसँग सम्बन्धित रहेकाले यहाँका पर्यटकीय आकर्षणयुक्त ताल, नदी, खोला, गुफा, वन, वातावरण र धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षणमा जोड दिनुपर्ने उल्लेख गरिएको छ। योजना तयार गर्ने क्रममा स्थानीय धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र पर्यटन विकाससँग सम्बन्धित प्रचलित नेपाल कानुन, ऐन, नियमावली, नीतिनियम तथा राज्यका सम्बन्धित निकायबाट जारी गरिएका मार्गनिर्देशिका र रणनीति अनुसरण गरिएको हुँदा योजना कार्यान्वयनका क्रममा पनि यथोचित ध्यान दिनुपर्ने उल्लेख गरिएको छ । नेपालको चालु आवधिक विकास योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, नेपालको राष्ट्रिय पर्यटन रणनीति, पर्यटन नीति, प्राकृतिक एवम् सांस्कृतिक स्रोतसम्पदाको संरक्षण तथा विकाससम्बन्धी नीतिनियम, ग्रामीण एवं सामुदायिक कृषि पर्यटन विकाससँग सम्बन्धित निर्देशिकालाई समेत ध्यानमा राखेर योजना बनाइएको लामिछानेले जानकारी दिनुभयो । समावेशी र उत्थानशील आर्थिक वृद्धिका लागि महानगरको अनौपचारिक क्षेत्र र घरपरिवारलाई समेत समेटेर समग्र अर्थतन्त्रमा महामारीले पारेको असरबारे सूक्ष्म जानकारी हासिल गर्न २०७७ असोज–कात्तिकमा बृहत् प्रभाव मूल्याङ्कनका लागि स्थलगत अध्ययन गरिएको थियो ।

अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा परिमार्जन गरिएको समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनाको मस्यौदामाथि २०७७ फागुनमा कार्यशाला आयोजना गरेर पुनः छलफल गरी महानगरको सहरी योजना आयोगका साथै अन्य सरोकार पक्षबाट पृष्ठपोषणसमेत प्राप्त भएको थियो । पोखरा महानगरपालिकाले 'समुन्नत पर्यटकीय पोखरा' नारासहित त्रिवर्षीय आवधिक योजनामा पनि पर्यटनलाई प्राथमिकतामा राखेको महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले बताउनुभयो । "महानगरले नेपालको दीर्घकालीन सोचसँग समायोजन हुने गरी 'समुन्नत पर्यटकीय पोखरा दूरदृष्टि २१००' तय गरेको छ । यसमा पर्यटनलाई नै प्राथमिकतामा राखिएको छ", महानगर योजना सहजीकरण समितिका संयोजक गुरुङले भन्नुभयो ।

महानगरको सो लक्ष्य प्राप्तिका लागि मानव पुँजी निर्माण, ज्ञानमा आधारित अर्थतन्त्र, समावेशी पूर्वाधार, उत्पादकत्व वृद्धि तथा व्यवसायमैत्री वातारण एवं पर्यावरणीय सन्तुलनसहितको विकासको अवधारणा सारिएको उहाँले बताउनुभयो । विस्तृत पर्यटन परियोजना तयार गरी यसलाई एसियाकै विशेष पर्यटकीयस्थलका रूपमा विकास गर्ने, घरबस्तीको सौन्दर्य अभिवृद्धि गर्ने, बाटाको दायाँबायाँ बिरुवा रोपण, खोलाका किनारामा बाँस एवं अन्य वृक्षरोपण, सार्वजनिक शौचालय आदिको व्यवस्थापन गर्ने, उद्यम तथा उद्यमशीलता विकासका लागि आवश्यक नीति तथा स्रोतको व्यवस्था गर्न वातावरण निर्माण गरिने, महानगरपालिकाका कला, साहित्य तथा संस्कृतिको प्रवर्द्धन गरेर व्यावसायिक विकासका लागि समूह गठन गरी परिचालन गर्नेलगायत विषय त्यसमा समेटिएको गुरुङले बताउनुभयो ।

उहाँका अनुसार महानगरपालिकालाई पर्यटन केन्द्रका रूपमा विकास गर्न पर्यटन नीति तथा आचारसंहिता तर्जुमा गरी कार्यान्वयन गरिनेमा जोड दिइएको छ । विकासका प्राथमिकताका क्षेत्र तथा नीतिमा. साहित्य, कला संस्कृति, पर्यटन प्रवर्द्धन तथा उद्यम विकासलाई राखिएको छ । पोखरालाई ज्ञान, विज्ञान, ध्यान, संस्कृति, मनोरञ्जनसहितको आधुनिक पर्यटनको गन्तव्यस्थलका रूपमा विकास गरेर विश्व मानचित्रमा पर्यटन केन्द्रका रूपमा विकास गर्ने गरी योजना तय गरिएको छ ।

त्रिवर्षीय योजनामा पर्यटन शक्तिको विकास गर्न र पर्यटन व्यवसायका लागि आवश्यक पर्ने जनशक्तिको नियमित रूपमा सीप, क्षमता तथा दक्षता विकास गर्न संयन्त्र तयार गर्ने, महानगरपालिका र विदेशी तथा स्वदेशी महानगरपालिका तथा नगरपालिकाहरूसँग भागिनी सम्बन्ध स्थापना गर्ने ,पोखरामा अन्तर्राष्ट्रिय सभा सम्मेलन गर्नका लागि विभिन्न सरोकारवालाहरूसँग सहकार्य गर्ने रणनीति समेटिएका गुरुङले बताउनुभयो । त्यसै गरी महानगरपालिकामा पर्यटन महाशाखा र पर्यटन परिषद् स्थापना गर्ने, पर्यटन गुरुयोजना तयार गर्ने, पर्यटन व्यवसायीलाई सङ्गठित गरी पर्यटन व्यवसायी, महानगरपालिका, सहकारी र नागरिकका सहभागितामा वित्तीय संस्थाको स्थापना गरी पर्यटन व्यवसायको प्रवर्द्धन गर्ने, नयाँनयाँ पर्यटन गन्तव्य र पर्यटन उत्पादनको विकास गर्न सम्भावित सूची तयार गरी विस्तृत परियोजना तयार गर्ने, सङ्घ- प्रदेश- गैसस- निजी क्षेत्र- अन्तरराष्ट्रिय सङ्घ-संस्थासँग साझेदारी गरी सम्भावित पर्यटन गन्तव्य र उत्पादनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचना तयार गर्ने विषयलाई जोड दिइएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले महानगरको पर्यटन पुनरुत्थान रणनीतिक योजना र त्रिवर्षीय योजनामा पोखराको पर्यटन प्रवर्द्धनका लागि समेटिएका विषय महत्वपूर्ण रहेको जनाउँदै यसको कार्यान्वयनसँगै नतिजाको अपेक्षा पर्यटन व्यवसायीले गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीकहाँ कागजमा निकै राम्रा कुरा लेखिन्छन् तर व्यवहारमा देखिँदैन । महानगरको पर्यटन पुनरुत्थान रणनीतिक योजना पनि योजनामा मात्र सीमत नहोस् भन्न चाहन्छौँ ।" उहाँका अनुसार नेपालको पोखरालाई औपचारिक रूपमा नै पर्यटक राजधानी घोषणा गरेर नीति तथा कार्यक्रम तर्जुमा गरी सङ्घीय सरकारले निर्णय गरोस् भन्ने पोखरेली व्यवसायीको इच्छा रहेको पनि बताउनुभयो । गण्डकी प्रदेशको राजधानी पोखरा विश्वभरका पर्यटकको आकर्षक गन्तव्यका रूपमा स्थापित भएकाले पनि प्रदेश र महानगरले यसको विकासका लागि पर्यटनमैत्री पूर्वाधारलाई प्राथमिकतामा राखेर कार्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले आफैँमा सुन्दर शहर पोखराको पूर्वाधार विकास र व्यवस्थापन मात्र गर्न सके पनि पर्यटकको आगमन र बसाइ बढाउन सकिने धारणा राख्नुभयो । महानगरभित्र दिगो पर्यटन विकास गर्ने लक्ष्यसहितको एकीकृत विकास अवधारणानुसार सहरी सुविधाको गुणस्तर बढाएर लैजानुपर्ने, स्वच्छ एवम् सफा राख्न दीर्घकालीन फोहर व्यवस्थापन प्रणाली चुस्तदुरुस्त बनाउनुपर्ने, प्रमुख गन्तव्यस्थल सूचीकृत गर्दै प्रवर्द्धनका लागि नगर पथप्रदर्शकलाई तालिम दिनुपर्ने, प्रभावकारी सेवा प्रवाहका लागि प्रविधिमैत्री विकासको ढाँचाबाट अघि बढ्नुपर्ने उहाँको सुझाव छ । सँगसँगै महानगरभित्र एउटा पर्यटन विषय हेर्ने सहायता कक्ष पनि आवश्यक रहेको उहाँको भनाइ छ ।

महानगरले पर्यटन प्रवर्द्धनका लागि ल्याएका कार्यक्रममा परिषद् सहकार्य गरेर अघि बढ्न तयार रहेको जनाउँदै उहाँले 'फुट ट्र्याक', 'साइकल ट्र्याक', ढल निकास, फोहोरमैला व्यवस्थापन, 'लेक टु लेक कनेक्ट', ' चिल्ड्रेन पार्क', सार्वजनिक शौचालय जस्ता कुरालाई भने तत्काल सम्बोधन गर्न आग्रह गर्नुभयो । पोखरामा 'माइस टुरिज्म'(मिटिङ, इन्सेन्टिभ्स, कन्फरेन्स एण्ड एक्जिबिजन) बढाउन पनि महानगरको भूमिका महत्वपूर्ण हुने उहाँको भनाइ छ । गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल गण्डकीका अध्यक्ष उदय सुवेदीले महानगरले पर्यटन विकासको योजना बनाउँदा ग्रामीण पर्यटनलाई पनि जोड्नुपर्ने बताउनुभयो । पोखराको प्राकृतिक सौन्दर्यको संरक्षण गर्दै डाँडाकाँडामा दृश्यावलोकनस्तम्भ राख्नुभन्दा अन्य कुराले सजाउन सके पर्यटक आकर्षण गर्न सकिने जनाउँदै उहाँले ग्रामीण उत्पादनलाई बजारीकरण व्यवस्थासँगै 'भिलेज टु भिलेज कनेक्टिभिटी'मा जोड दिएर स्वस्थ र उत्कृष्ट बासस्थानको सहर बनाउन सकिने बताउनुभयो ।

कोभिड-१९ महामारी र यसको प्रभाव विषयमा गरिएको महानगरको प्रारम्भिक अध्ययनानुसार लकडाउनका समयमा पोखराको पर्यटन उद्योगले मासिक करिब रु पाँच अर्बका दरले नोक्सान बेहोरेको अनुमान छ । पोखरा क्षेत्रमा २३ तारेस्तरका र ६५० पर्यटकीय होटल, ८० पर्यटकस्तरीय रेस्टुरेन्ट र अन्य आतिथ्य सेवाका व्यवसायमार्फत स्तरीय आवास, मनोरञ्जन तथा खानाको सुविधा उपलब्ध छ । पर्यटन प्रवर्द्धन गर्न सन् २०२२ मा ' पोखरा पर्यटन वर्ष' का रूपमा मनाउने कार्यक्रम पनि तय भएको छ । पोखरा भौगोगिक तथा प्राकृतिक रूपमा मात्र नभएर जैविक विविधतामा पनि उत्तिकै धनी छ ।

प्राकृतिक रूपमा बनेका गुफा, ताल, नदी, खोला र खोल्सीले भरिएको पोखराका नौ ताल तथा जलाधार क्षेत्र रामसार क्षेत्रमा सूचीकृत छन् । पोखरा उपत्यकाका गुफा, ताल, नदीसँगै रहेका सिमसार एवं जलाधार क्षेत्रका प्राकृतिक वनजङ्गल जैविक विविधताले भरि पूर्ण छन् । यसको उचित व्यवस्थापन गर्न सकेमा वन, वनस्पति, पुतली, चरा, वन्यजन्तुको अवलोकन एवं अध्ययन-अनुसन्धान जस्ता पर्यापर्यटनका गतिविधि सञ्चालन गर्न सकिने प्रचूर सम्भावना छ । अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाको तथ्याङ्कले पोखरा उपत्यकामा रहेका ताल, सिमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरिसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइँ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका वोटवृक्ष पाइने देखाएको छ । पोखराकाको रुपान्तरणकारी परियोजनाका रूपमा विशेष गरी नौ क्षेत्रलाई अगाडि बढाइएको छ । लेकसाइड वाटरफ्रन्ट विकास, रत्नमन्दिर बगैँचा, फेवाताल संगीत फोहरा, फेवाताल वरिपरि पैदल मार्ग (फेवा फेरो) र सराङकोट डाँडामा पर्यटकीय संरचना, सेती खोँचमा आकाशे पैदलमार्ग (स्काई वाक), अन्नपूर्ण प्राकृतिक सङ्ग्रहालयमा जीवित पुतली प्रदर्शनी कक्ष थप गरी स्तरोन्नति गर्ने, ढुङ्गेसाँघु डाँडामा नाटक प्रदर्शनी, वेगनास तालमा वन्यजन्तु तथा अवलोकनका लागि पर्यावरणीय प्रदर्शन भवनलगायत छन् ।

# नेपालको हवाई क्षेत्र सुरक्षा सूचीबाट हटाउन मन्त्री आलेको आग्रह

रासस
काठमाडौं, २४ माघ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले नेपालको हवाई क्षेत्र युरोपेली सङ्घको उडान सुरक्षा सूचीमा रहेको नेपाललाई उक्त सूचीबाट हटाउन आग्रह गर्नुभएको छ ।

मन्त्री आलेले नेपालका लागि इयुका राजदूत नोना डिप्रेसँग आज मन्त्रालयमा भएको शिष्टाचार भेटवार्तामा नेपालले उक्त सूचीबाट हटाउन विभिन्न गृहकार्य गरिरहेकाले पनि सूचीबाट हटाउनका लागि सहयोग गर्न अनुरोध गर्नुभयो ।

मन्त्री आलेले भन्नुभयो, "नेपालको हवाई सुरक्षा क्षेत्र थप सुधार गर्न र उडान सुरक्षामा नेपाल सरकार पूर्ण प्रतिबद्ध छ ।" उहाँले नागरिक उड्डयन क्षेत्रका अलावा संस्कृति तथा पर्यटन क्षेत्रको प्रवर्द्धन तथा विकासका लागि इयुसँग नेपालले सहकार्य गर्न चाहेको धारणा पनि राख्नुभयो ।

सो अवसरमा राजदूत डिप्रेले नेपालको उडान सुरक्षा अवस्थाको स्थलगत अवलोकनका लागि इयुको प्राविधिक टोलीलाई यथाशीघ्र बोलाउन आग्रह गरिने आश्वासन दिनुभयो । इयुले नेपालको उडान सुरक्षालाई सुदृढ गर्न सहयोग गरिरहेको र भविष्यमा पनि सहयोग गरिरहने आश्वासन दिँदै उहाँले नागरिक उड्डयन क्षेत्रमा नियमन र सेवा प्रदान गर्ने अलग अलग निकाय स्थापनाका लागि लागि पनि नेपाललाई आग्रह गर्नुभयो । हालसम्म उडान सुरक्षा क्षेत्रमा नेपालले गरेको प्रगतिको प्रशंसा गर्दै राजदूत डिप्रेले भन्नुभयो, "हवाई सुरक्षा क्षेत्रमा नेपालले राम्रो प्रगति गरेको छ, मेरातर्फबाट म सकारात्मक प्रयास गर्छु ।"

# म्याग्दी खोला जलविद्युत्को सुरुङ खन्न सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, २४ माघ

पश्चिम म्याग्दीको दरबाङमा निर्माणाधीन २५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाको सुरुङ खन्ने काम आइतबारदेखि सुरु भएको छ । दरबाङको कमेरेमा अडिट नम्बर १ को सुरुङ खन्न सुरु गरिएको हो ।

नेपाली सेनाको निगरानी तथा व्यवस्थापनमा विस्फोटक पदार्थको प्रयोग गरी मुख्य सुरुङमा पुग्ने सहायक सुरुङ खन्न थालिएको निर्माण कम्पनी धौलागिरि हाइड्रो लिमिटिडले जनाएको छ । प्रवासी म्याग्देलीको मुख्य लगानी रहेको सो आयोजनाका साइट इन्जिनियर बालकुमार रोकाका अनुसार २५० मिटर अडिट खनेपछि मुख्य सुरुङमा जोडिने र बाँध र पावर हाउस दुवैतर्फ सुरुङ निर्माण सुरु हुने छ । "अब इल्पुमा रहेको बाँध र तल्लो दुखुको आउटलेटबाट पनि सुरुङ खन्ने तयारी भइरहेको छ", इन्जिनियर रोकाले भन्नुभयो । आइतबारदेखि सुरु भएको सुरुङ निर्माणको मालिका गाउँपालिका अध्यक्ष श्रीप्रसाद रोकाले सुरुआत गर्नुभएको थियो । जलविद्युत् आयोजनाका अध्यक्ष विनोद कुँवरले टनेल निर्माणको कामलाई तीव्र गतिमा अगाडि बढाइने बताउनुभयो । "टनेलमा उत्साहजनक प्रगतिसहित समयमै आयोजनाको काम सम्पन्न गर्नेछौँ, प्रभावित क्षेत्रका बासिन्दालाई लगानीका लागिसमेत अवसर छ", अध्यक्ष कुँवरले भन्नुभयो । उहाँले अर्को महिनाबाट सुरुङ खन्ने काम राति र दिउँसो गरी दुई सिफ्टमा हुनेसमेत बताउनुभयो । म्याग्दी खोलाबाट विद्युत् निकाल्न प्रवासी म्याग्देली र स्थानीयवासीको लगानीमा धौलागिरि कालिका हाइड्रो लिमिटेडले आयोजना निर्माण गर्न लागेको हो । मालिका-७ बिम र वडा नं ५ देविस्थान तथा धौलागिरि गाउँपालिका-७ को सीमा क्षेत्रमा रहेको फेदीमा बाँध रहने आयोजनाको साढे पाँच किलोमिटर सुरुङ मार्ग रहनेछ । सुरुङमार्ग हुँदै ल्याइने पानीलाई सय मिटर हेडबाट रातोढुङ्गामा निर्माण हुने विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरिने छ । तीस प्रतिशत संस्थापक र साधारण शेयर तथा ७० प्रतिशत वित्तीय संस्थाको लगानीमा आयोजना निर्माण भइरहेको छ । आयोजना निर्माणमा रु पाँच अर्ब १५ करोड लागत अनुमान गरिएको आयोजनाका प्रबन्ध निर्देशक इन्जिनियर हर्कमान घर्ती मगरले जानकारी दिनुभयो । आयोजनाबाट उत्पादन हुने विद्युत् बिमको सबस्टसनमार्फत केन्द्रीय प्रसारणमा जोडिनेछ । हिउँदको चार महिना प्रतियुनिट आठ रुपैयाँ ४० पैसा र वर्षायामको आठ महिना प्रतियुनिट चार रुपैयाँ ८० पैसामा नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिदबिक्री हुने सम्झौता भएको छ । आयोजनाको साइट कार्यालय, आवासगृहसहितका भौतिक संरचनासमेत तयार भइसकेको छ भने पहिलो र दोस्रो कोराना भाइरसकाका कारण निर्माणमा समस्या भए पनि अहिले जनशक्तिको व्यवस्थापन भएकाले तीव्र गतिमा अगाडि बढेको छ ।

# पर्वतमा 'स्काई क्याफे' सञ्चालन

– लक्ष्मीप्रसाद सापकोटा

पर्वत, २४ माघ

सदरमुकाम कुश्माबजारमा 'स्काई क्याफे' सञ्चालनमा आएको छ । कालीगण्डकी नदीमाथि रहेको सो क्याफे 'द क्लिफ' नामक बञ्जीजम्प पुलका सञ्चालकले स्थापना गरेका हुन् । यस प्रकारको क्याफे नेपालमै पहिलोपटक सञ्चालनमा ल्याइएको दाबी गरिएको छ ।

कालीगण्डकीमा निर्माण भएको बञ्जीजम्पको निर्माण तथा सञ्चालक कम्पनीले उक्त क्याफे सञ्चालनमा ल्याइएको जनाएको छ । 'द क्लिफ'का सञ्चालक राजु कार्कीका अनुसार 'स्काई साइक्लिङ'का लागि राखिने तारजस्तै गरेर कालीगण्डकी नदी किनारमा रहेको अग्लो भिरमा तार टाँगिएको छ । 'क्याफे' मा बस्नका लागि फलामको काठका फ्ल्याक जडान गरेर बेञ्च र टेबल निर्माण गरिएको छ । त्यही टेबललाई घिर्नीका माध्यमबाट तारमा झुन्ड्याइएको छ, घिर्नीकै माध्यमबाट डरलाग्दो तारे भिरका माथि तारमा 'क्याफे' विस्तारै हिँडिरहेको हुन्छ ।

त्यहाँ बसिरहेका ग्राहकले यात्रा सुरु गर्ने बेला 'अर्डर' गरेका खानेकुरा खाँदै खुला आकाशमा यात्रा गर्न पाउँछन् । "बन्जीसहितका अन्य साहसिक खेलका लागि पर्वतको द क्लिफ पर्यायवाची भइसकेको छ, हामी सकेसम्मका फरक तर एडभेन्चर खालका खेल तथा पूर्वाधारको निर्माणमा जुटिरहेका छौँ, स्काई क्याफे पनि यही अवधारणामा तयार भएको हो", कार्कीले भन्नुभयो, "तारमा झुन्डिएर हिँडिरहेको क्याफेमा बसेर खाजा खानुको मजा बेग्लै छ । कालीगण्डकी नदीको सतहबाट २२८ मिटरको उचाइमा रहेको बन्जी बराबरकै उचाइमा 'स्काई क्याफे' सञ्चालन गरिएको 'द क्लिफ' का अर्का सञ्चालक युवराज जोशीले बताउनुभयो । अहिले सुरुआती चरण भएको र प्रचार नगरिएकै अवस्थामा समेत दैनिक औसतमा ५० जनाले 'स्काई क्याफे' मा बसेर जुस र कफी लिने गरेको उहाँको भनाइ छ । क्याफेका लागि मात्रै झण्डै रु ९५ लाख लगानी गरेको बताउँदै उहाँले प्रतिव्यक्ति रु दुई हजार ५०० शुल्क राखिएको जानकारी दिनुभयो । सञ्चालक जोशीका अनुसार कालीगण्डकी नदीमाथि १२० मिटरको लम्बाइका तार राखेर क्याफे सञ्चालन गरिएको छ । अहिले सुरुआत मात्रै भएका कारण आगामी दिनमा थप साहसिक बनाउनका लागि थप विकल्पका बारेमा छलफल भइरहेको छ । कोभिड-१९ को सङ्क्रमण फैलिएका यसअघिका लहरभन्दा अहिलेको लहरमा व्यवसायलाई कम मार परेको छ । निषेधाज्ञा भए पनि स्मार्ट लकडाउनका कारण स्वास्थ्य सुरक्षा सतर्कता अपनाइएको र बजार पनि पहिलेको जस्तै ठप्प अवस्थामा नरहेका कारण भीडभाड नहुने गरी साहसिक खेलमा आएका पर्यटकले मनोरञ्जन लिन पाएका छन् ।कम्पनीमा प्रशासनिक काम हेर्दै आएका ईश्वर कार्कीका अनुसार सबै खालका साहसिक खेलमा आउनेलाई खोप कार्ड अनिवार्य गरिएको छ । पालो बाँडेर थोरै थोरै सङ्ख्यामा मात्र पर्यटकलाई भित्रिन दिएर सञ्चालनमा राखिएको छ ।

त्यसकारण पर्यटकीय क्षेत्रले सङ्क्रमणका अघिल्ला चरणमा जस्तो बन्द नै गरेर बस्नुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ । "अघिल्ला चरणमा त बन्द नै गरेर बस्नुपरेको थियो, अहिले भने स्मार्ट लकडाउनका कारण त्यति बेलाका जस्तो मारमा पर्नुपरेको छैन", उहाँले भन्नुभयो, "हामीले पूर्णरूपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेका छौँ, ग्राहकलाई पालोअनुसार मात्रै साहसिक खेलमा रमाउन दिएका छौँ, जसले राज्य, हामी र पर्यटक सबैलाई फाइदा पुगेको छ ।" कोरोना सङ्क्रमण भए पनि दैनिक बन्जी र स्वीङ गर्नेको पनि उत्तिकै भीडभाड रहेको कम्पनीले जनाएको छ ।

# अब तनहुँमै महिला बन्दीगृह

पोखरापत्र संवाददाता

तनहुँ, २४ माघ

तनहुँको सदरमुकाम दमौलीमा महिला बन्दीगृह निर्माण गरिएको छ ।

कारागारको पुराना कार्यालय भवन तथा सुरक्षा ब्यारेकलाई मर्मत र घेराबारा गरी महिला बन्दीगृह निर्माण गरिएको हो । कूल रु ४० लाखको लागतमा २० जना क्षमताको महिला बन्दीगृह निर्माण गरिएको कारागारका जेलर ऋषिराम सुवेदीले जानकारी दिनुभयो हो ।

गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय दमौलीमार्फत रु २० लाख र चालु आर्थिक वर्षमा कारागार व्यवस्थापनबाट रु २० लाख बजेट विनियोजन गरी उक्त भवन निर्माण गरिएको हो । महिला बन्दीगृह निर्माण सम्पन्नपश्चात पोखरालगायतका लामो दूरीमा महिला कैदीबन्दीलाई पठाउनुपर्ने बाध्यताको अन्त्य हुने कारागार प्रशासनले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालसहितको सुरक्षा निकायको टोलीले केही दिन अनुगमन गरी निर्माण भएको बन्दीगृहमा महिलालाई राख्न उपयुक्त भएको ठहर गरी कारागार विभागलाई पत्राचार गरेको छ । कारागारमा नयाँ भवन निर्माण भएपछि पुराना भवनलाई महिला बन्दीगृह बनाइएको कारागारका सूचना अधिकारी नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । एन्जल कन्स्ट्रक्सनले महिला बन्दीगृह निर्माण गरेको कारागारले जनाएको छ । पुस मसान्तसम्म निर्माण सम्पन्न गर्ने म्याद रहे पनि उक्त अवधिमा पूरा नभएकाले फागुन १ गतेदेखि सञ्चालनमा ल्याउने लक्ष्य छ । कारागारका अनुसार वार्षिकरूपमा १५ महिलालाई जिल्लामा महिला बन्दीगृह नहुँदा बाहिर पठाउनु पर्ने बाध्यता रहेको बताइएको छ । एक सय १५ जना क्षमताको तनहुँ कारागारमा हाल 'ए' ब्लकमा १४५ र 'बि' ब्लकमा ११२ गरी २५६ जना कैदीबन्दी रहेका छन् ।

कोरोना सङ्क्रण बढेसँगै तनहुँ कारागारमा रहेका कैदीबन्दीसँगको भेटघाट बन्द गरिएको छ । कारागारमा कोरोना सङ्क्मण फैलिन सक्ने खतरालाई मध्यनजर गर्दै आफन्तसँग भेटघाट बन्द गरिएको हो । सङ्क्रमणबाट सुरक्षित हुन नयाँ कैदीबन्दी र कोरोना लक्षण देखिएका बिरामीलाई कारागारको पुरानो भवनमा अलग्गै राख्ने गरिएको कारागारका सूचना अधिकारी अधिकारीले बताउनुभयो ।

# हिमपातले चार दिनदेखि मध्यपहाडी राजमार्ग ठप्प

पोखरापत्र संवाददाता

बागलुङ, २४ माघ

हिमपातका कारण शुक्रबारदेखि बन्द भएको मध्यपहाडी पुष्पलाल राजमार्ग अझै खुल्न सकेको छैन । हिमपातले मध्यपहाडी राजमार्गको बागलुङ खण्ड चार दिनदेखि अवरुद्ध बनेको हो ।

वर्षासँगै परेको हिमपातले बागलुङको माथिल्लो क्षेत्र अझै पनि सेताम्मे छ । शुक्रबार रातिदेखि परेको हिमपातले शनिबार बिहानसम्म बागलुङका ग्रामीण क्षेत्र पनि हिउँले सेताम्मे बनेका थिए । भारी हिमपातका कारण मध्यपहाडी लोकमार्गअन्तर्गतको बागलुङ-पूर्वी रुकुम सडक खण्ड ठप्प भएको छ ।

बागलुङको निसीखोला गाउँपालिका र पूर्वी रुकुमको सिमाना पातिहाल्नेमा अत्यधिक हिमपात भएपछि यातायात ठप्प भएको हो । निसीखोलाको सीप क्षेत्रदेखि माथिल्लो भेगमा दुई फिटभन्दा बढी हिउँ जमेको हुँदा सडक अवरुद्ध भएको स्थानीयवासी अबिन घर्ती मगरले जानकारी दिनुभयो । उहाँले सिमानाभन्दा तल्लो क्षेत्रमै दुई फिटभन्दा बढी हिउँ जमेको भन्दै सिमाना अझ बढी हिउँ भएको बताउनुभयो । काठमाडौँदेखि पूर्वी रुकुमका लागि छुटेका गाडी रोकिएका छन् । सडक अवरुद्ध हुँदा यात्रुहरूलाई यातायातमा समस्या भएको छ । बागलुङ हुँदै पोखरा, काठमाडौँलगायत देशका मुख्य सहरमा जाने यात्रु सडक अवरुद्धका कारण रोकिनु परेको छ । यस क्षेत्रमा यो तेस्रो पटकको हिमपात हो । पहिलो र दोस्रो पटक हिमपात हुँदा केही कम परेको भए पनि यस पटक भने अत्यधिक परेको निसीखोला गाउँपालिका-६ का अध्यक्ष सूर्यबहादुर घर्ती मगरले बताउनुभयो । उहाँले अवरुद्ध भएको लोकमार्ग तत्काल खुलाउन नसकिने बताउनुभयो ।

# सुत्केरीको हवाई उद्धार

पोखरापत्र संवाददाता

बलेवा, २४ माघ

सुत्केरी भएर साल अड्किएकी बागलुङको वडिगाड गाउँपालिकाकी एक सुत्केरीको हवाइ उद्धार गरिएको छ । वडिगाड गाउँपालिका-३ सिसाखानीकी २६ वर्षीया सीता सामलको हवाई उद्धार गरिएको हो । सोमबार बिहान १ बजे सुत्केरी हुनुभएकी सामलको साल अड्किएपछि दगातुन्डाँडा स्वास्थ्य चौकीमा कार्यरत राधा गिरी र दीपक थापाले बिरामीको घरमा पुगेर उपचार गर्नुभएको थियो ।

स्थानीय स्वास्थ्यकर्मीको प्रयाससमेत असफल भएपछि उहाँलाई हेलिकप्टरमार्फत पोखरा पठाइएको हो । वडिगाड गाउँपालिकाको समन्वयमा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रले उहाँको उद्धार गरेको हो ।

रातको समय सडकमा रहेको हिउँले यातायातमा समस्या भएकाले सुत्केरीलाई घरमै राखी राति ४:१३ बजे मात्रै स्वास्थ्यकर्मीलाई खबर गरेको परिवारले जनाएको छ । उहाँलाई मणिपाल शिक्षण अस्पतालमा भर्ना गरिएको गण्डकी स्वास्थ्य निर्देशनालयले जनाएको छ ।


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. २०२२/०२/२९ गते**

**स्वः गीता खत्री**

**स्वर्गारोहणः**
**वि. सं. २०७८/१०/१४ गते**

हाम्रा आत्मीय मित्र पोखरा-१५ गलेश्वरचोक निवासी नारायण खत्रीका ममतामयी माता **गीता खत्री**को ५६ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको बाह्रौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**दाजुः दिपक आले मगर -पोखरा-१५ रामबजार**

**साथीहरूः**

**राबत लामा -पोखरा-८ न्यूरोड**
**सुमन श्रेष्ठ -पोखरा-९ नयाँबजार**
**समित गुरुङ -पोखरा-१० रामबजार**
**निषेध क्षत्री -पोखरा-४ गैह्रापाटन**
**कृष्ण नेपाली -पोखरा-१० उत्तममार्ग**
**भानुभक्त अधिकारी -पोखरा-१४ चाउथे**